# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २५१ | काठमाडौं | बुधबार, २५ पुस २०८० | Prabhab National Daily | Wednesday, January 10, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# सभामुख लिँदा राप्रपामा विवाद

## फिर्ता बोलाउन अध्यक्ष लिङ्देनमाथि दबाब

जे भयो कोशीमा एकदमै गलत भएको छ । पार्टीको सबै पदाधिकारीले सभामुख लिन हुँदैन भनेर अध्यक्षको अध्यक्षतामा भएको निर्णयलाई कोशी प्रदेशका सदस्यहरूले अवज्ञा गरे । अब पार्टीले सभामुखलाई जुनसुकै हालतमा फिर्ता बोलाउँछ ।

■ **डा. धवलशमशेर जबरा**
महामन्त्री, राप्रपा



**मंगलबार कोशी प्रदेशसभाको सभामुखमा निर्वाचित राप्रपा सांसद अम्बरबहादुर विष्ट प्रदेशप्रमुख परशुराम खापुङबाट पद तथा गोपनीयताको शपथ लिँदै ।**
*तस्बिरः रासस*

■ **जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन निकट सांसद अम्बरबहादुर विष्ट कोशी प्रदेशसभाको सभामुखमा सर्वसम्मत चुनिएपछि पार्टीमा विवाद थप चर्किएको छ । अध्यक्ष लिङ्देनको 'ग्रीन सिग्नल' उनले सभामुखमा उम्मेदवारी दिएका थिए ।

पार्टीका महामन्त्री डा. धवलशमशेर जबरा समूहले प्रदेश खारेजको माग गर्ने दल राप्रपाबाट प्रदेशकै सभामुख हुन नैतिक रूपमा नमिल्ने भन्दै तत्काल विष्टलाई फिर्ता बोलाउनुपर्ने अडान राखेको छ । विष्टलाई सभामुखमा प्रस्ताव गर्ने राप्रपा कोशी प्रदेश संसदीय दलका नेता भक्तिप्रसाद सिटौला र समर्थन गर्ने सांसद प्रेमराज थाम्सुहाङको पनि महामन्त्री जबराले आलोचना गरे ।

'जे भयो कोशीमा एकदमै गलत भएको छ । पार्टीको सबै पदाधिकारीले सभामुख लिन हुँदैन भनेर अध्यक्षको अध्यक्षतामा भएको निर्णयलाई कोशी प्रदेशका सदस्यहरूले अवज्ञा गरे । अब पार्टीले सभामुखलाई जुनसुकै हालतमा फिर्ता बोलाउँछ । बोलाइनुपर्छ,' उनले प्रभावसँग भने, 'पार्टी केन्द्रको निर्णयविपरीत त्यसरी सभामुख हुन तथा उनलाई प्रस्ताव र समर्थन गर्न पाइन्छ ?'

सत्ता गठबन्धन दलहरू र एमालेको पनि समर्थनले विष्ट मंगलबार सभामुख भएका हुन् । सभामुख भएसँगै अब घोषित आन्दोलनमा जान राप्रपालाई नैतिकरूपमा असहज हुने भएको छ । राप्रपाले प्रदेश र संविधान नै खारेजीको माग गर्दै आएको छ । त्यसकै लागि आगामी फागुनदेखि आन्दोलनमा जाने राप्रपाले घोषणा गरेको छ । यही पुसको १, २ र ३ गते बसेको पार्टी केन्द्रीय समिति बैठकले गरेको निर्णयका आधारमा राप्रपाले सरकार, प्रदेश र संविधानविरुद्ध नै आन्दोलनमा जाने घोषणा गरेको हो । यहीबेला राप्रपाले कोशीमा सभामुख पद लिएको हो । यो सुहाउने काम नभएको महामन्त्री जबराको भनाइ छ ।

'हामी आन्दोलन गर्ने भन्ने । यो प्रदेश खारेज गर्न माग गर्ने । संविधानको खारेजी माग गर्ने अनि हामी कहाँबाट सभामुखमा जान सुहाउँछ ? त्यो एकदमै गलत भएको छ । पार्टीले निर्णय गरेर यसलाई फिर्ता बोलाउँछ,' जबराले बताए ।

कोशीमा सभामुख पद लिएर सत्ता गठबन्धनसँग राप्रपाले सत्ता सहकार्य गर्नसमेत खोजेको विवरणहरू आएका छन् । जबकि, केन्द्रीय समिति बैठक र पुसकै पहिलो साता बसेको पार्टी पदाधिकारी बैठकले सरकारमा नजाने र कोशीमा सभामुख पद पनि नलिने निर्णय गरेको थियो । तर, अध्यक्ष लिङ्देन र उनी नेतृत्वको संस्थापन समूहले सरकारमा जान र सभामुख लिने संकेत देखाएका थिए । पार्टीकै एक जना पदाधिकारीका अनुसार पदाधिकारी बैठकमै उपाध्यक्ष विक्रम पाण्डेले लिङ्देनलाई के राप्रपा सरकारमा जान्छ ? भन्दै लिङ्देनलाई दुईपटक प्रश्न गरेका थिए ।

(क्रमशः पृष्ठ २ मा)

## ट्रंक र डेडिकेटेड लाइन विवाद

# प्रधानमन्त्रीको निर्देशन लागेन काम, २० दिनमै उल्टियो निर्णय

- प्रधानमन्त्रीको निर्देशन पाउनसाथ प्राधिकरण लाइन काट्न उत्रिएको थियो ।
- २४ उद्योगको लाइन बिच्छेद गरिदिएपछि विवादित बनेको विषयमा दाहालको केही सीप चलेन ।
- अन्ततः २४ दिनपछि मंगलबार मन्त्रिपरिषद्ले लाइन जोड्न निर्देशन दिएको छ ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालको कडा निर्देशन काम नलाग्ने भएपछि लाइन काट्ने निर्णय २० दिनमै उल्टिएको छ । पुस ५ गते दाहालले डेडिकेटेड र ट्रंक लाइनको सुविधा लिएर शुल्क नतिर्ने उद्योगको लाइन काट्न निर्देशन दिएका थिए । 'विद्युत्को बक्यौता नतिर्ने ठूलाको लाइन काटेर कर प्रणालीलाई व्यवस्थित गर्नुपर्छ,' प्रधानमन्त्रीले भनेका थिए, 'त्यसैले यसमा कसैसँग सम्झौता नगर्नूस्, डेडिकेटेड र ट्रंक लाइनको बक्यौता नतिर्नेको लाइन तुरून्त काटौं । ठूलाबाट सुरू गरेर सबै बक्यौता उठाउनेतर्फ जाऔं ।'

प्रधानमन्त्रीको निर्देशन पाउनसाथ लाइन काट्न नेपाल विद्युत् प्राधिकरण उत्रिएको थियो । २४ उद्योगको लाइन बिच्छेद गरिदिएपछि विवादित बनेको विषयमा दाहालको केही सीप चलेन । अन्ततः २४ दिनपछि मंगलबार मन्त्रिपरिषद्ले लाइन जोड्न निर्देशन दिएको छ । 'हाललाई उद्योगीहरूको काटिएको विद्युत् लाइन खोल्न निर्देशन दिने,' मंगलबार मन्त्रिपरिषद्ले गरेको निर्णय सरकारकी प्रवक्ता रेखा शर्माले सुनाइन् ।

सरकारले डेडिकेटेड र ट्रंक लाइनको महसुल सम्बन्धमा उठेका विषयहरूको सम्बन्धमा छानविन गरी प्रतिवेदन पेस गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको नेतृत्वमा उद्योग र ऊर्जा मन्त्रालयका सहसचिव रहेको समिति गठन गर्ने निर्णय गरेको छ ।





### समितिमा कुलमानलाई ग्याखग्याख

प्रतिनिधिसभाको पूर्वाधार समितिमा ट्रंक र डेडिकेटेड लाइनबारे सांसदहरूले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई ग्याखग्याख पारेका छन् । सांसद निशा डाँगीले ट्रंक र डेडिकेटेडलाइनको 'टाइम अफ डे (टिओडी)' मिटरको डेटा कता हरायो ? भन्दै प्रश्न गरेकी थिइन् । अर्का सांसद माधव सापकोटाले ट्रंक र डेडिकेटेड लाइन लिएर बक्यौता उठाउने निर्णय स्वागत योग्य भएको उल्लेख गर्दै कुन कानुनी धरातलमा टेकेर सीमित उद्योगीलाई लाइन दिइयो ? भनी प्रश्न गरे ।

कांग्रेस सांसद प्रदिप पौडेलले टिओडीको मिटरको डेटा नदेखाएको र लोडसेडिङपछि बिलिङ गरेको भन्दै उद्योगीहरूले गुनासो गरेको बताए । अर्का सांसद वसन्त नेम्वाङले विद्युत् नियमन आयोगले स्पष्ट निर्देशन दिनुपर्ने बताए ।

कार्यकारी निर्देशक घिसिङले अधिकांश उद्योगको टाइम अफ डे (टिओडी) मिटरको रेकर्ड सुरक्षित रहेको दाबी गरे । पूर्वाधार विकास समितिमा बोल्दै उनले चाङका चाङ डाउनलोड गरेर राखेको बताए । 'टिओडी मिटरबाट सबै कुरा थाहा हुदैन । त्यसलाई विश्लेषण गर्नुपर्छ,' उनले भने, 'उद्योगीले टिओडीको डेटा खोजेको एउटै कारण हुन सक्छ, २० घण्टा बढी लिएको छ कि छैन भनेर, बिल काटेको सबैले लिएका छन् ।'

(क्रमशः पृष्ठ २ मा)



हाललाई उद्योगीहरूको काटिएको विद्युत् लाइन खोल्न निर्देशन दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

■ **रेखा शर्मा**
सञ्चार तथा सूचना प्रविधिमन्त्री



मन्त्रिपरिषद्को निर्णयबारे पत्र पाएपछि बैठक बसेर लाइन जोड्ने निर्णय गर्नेछौं ।

■ **कुलमान घिसिङ**
कार्यकारी निर्देशक
नेपाल विद्युत् प्राधिकरण

### पत्र नआई नजोड्ने अडानमा प्राधिकरण

प्राधिकरणले मन्त्रिपरिषद्को निर्णय पाएपछिमात्र उद्योगहरूको लाइन जोडिदिने जनाएको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले मन्त्रिपरिषद्को निर्णयबारे पत्र पाएपछि बैठक राखेर आवश्यक निर्णय गर्ने बताएका हुन् ।

(क्रमशः पृष्ठ २ मा)

## सन्दर्भः वैदेशिक रोजगार

# कामदारलाई आर्थिक भार नथप्न प्रधानमन्त्रीको निर्देशन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले वैदेशिक रोजगारीमा जाने कामदारमाथि थपिने आर्थिक भार रोक्न अग्रसरता लिएका छन् । कामदारलाई थप आर्थिक भार पर्ने गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विभिन्न शीर्षकमा शुल्क वृद्धि गरेकोप्रति व्यापक आलोचना र विरोध भएपछि प्रधानमन्त्री दाहाल आफैं 'एक्सन'मा उत्रिएका हुन् ।

उनले मंगलबार श्रममन्त्री शरतसिंह भण्डारी, श्रमसचिव केवल भण्डारी र विभागीय कर्मचारीहरूलाई प्रधानमन्त्री कार्यालयमा बोलाएर उक्त कार्य रोक्न निर्देशन दिएका छन् । त्यसक्रममा उनले रोजगारीका लागि विदेश जाने कामदारमाथि आर्थिक भार थपिने गरी भएका निर्णय कार्यान्वयन नगर्न नगराउन निर्देश गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारीमा गएका नेपालीहरूले अर्थतन्त्रमा पुऱ्याएको महत्त्वपूर्ण योगदानको स्मरण गराउँदै उनीहरूलाई अतिरिक्त आर्थिक भार थप्ने मन्त्रालयको निर्णय कार्यान्वयन नगर्न/नगराउन निर्देशन दिएको सचिवालयका एक सदस्यले बताए । 'हाल वृद्धि भएको भनिएको शुल्क कामदारहरूबाट नलिई यथावत् रूपमा हुनेगरी कार्यान्वयनको व्यवस्था मिलाउनुहोला,' प्रधानमन्त्री दाहालले श्रममन्त्रीलगायत अधिकारीहरूलाई निर्देशन दिँदै भने, 'आन्तरिक वा वैदेशिक रोजगारीमा जाने कामदारलाई थप सेवा शुल्कलगायत थप आर्थिक भार पर्ने कुनै प्रकारको काम नगर्ने नगराउने व्यवस्था गर्नुहोला ।'

उनले छलफलका क्रममा वैदेशिक रोजगारीमा जाने कामदारलाई पूर्वप्रस्थान अभिमुखीकरण तालिम (पिडिओटी) लगायत अन्य तालिम निःशुल्क रूपमै दिने व्यवस्था मिलाउन पनि निर्देशन दिएको सचिवालयले जनाएको छ । पछिल्लो समय श्रम मन्त्रालयले पिडिओटी तालिम शुल्क ७०० रूपैयाँबाट बढाएर २८ सय रूपैयाँ पुऱ्याउने निर्णय गरेको छ । यस्तै मलेसियालगायत खाडी मुलुकमा कामदार पठाउँदा फ्रि-भिसा, फ्रि-टिकटको व्यवस्था कार्यान्वयन नगरी १० हजार रूपैयाँ सेवा शुल्कलाई बढाउँदै ५० हजार रूपैयाँभन्दा माथि पुऱ्याउने तयारी गरिरहेको छ । कामदारमाथि आर्थिक भार थपिने गरी शुल्क वृद्धिको जानकारी पाएका प्रधानमन्त्री दाहालले यसप्रति ध्यानाकर्षण भएको बताए ।

(क्रमशः पृष्ठ २ मा)



### प्रधानमन्त्रीको निर्देशन

- वैदेशिक रोजगारीमा गएका नेपालीहरूले अर्थतन्त्रमा पुऱ्याएको महत्त्वपूर्ण योगदानको स्मरण
- अतिरिक्त आर्थिक भार थप्ने मन्त्रालयको निर्णय कार्यान्वयन नगर्नू
- कामदारलाई अभिमुखीकरणलगायत अन्य तालिम निःशुल्क दिने व्यवस्था मिलाउनू
- वैदेशिक रोजगार बोर्ड र मलेसियाको निजी कम्पनी एफडब्लुडब्लुएमसीबीच भएको सम्झौता कार्यान्वयन नगर्नू
- वैदेशिक रोजगारीमा जाने कामदारलाई सरकारले नै सस्तो ब्याजमा ऋण दिने व्यवस्था मिलाउनू


जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
सुत्नुअघि अनिवार्य रुपमा हिटर बन्द गरौं
गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं
गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरुमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### प्रधानमन्त्रीको निर्देशन...

'मन्त्रिपरिषद्को निर्णयबारे पत्र पाएपछि बैठक बसेर लाइन जोड्ने निर्णय गर्नेछौं,' घिसिङले भने । प्राधिकरणले ट्रंक र डेडिकेटेड लाइनको सुविधा लिई महसुल बक्यौता नतिरेको भन्दै पुस ६ गते उद्योगको लाइन काट्न सुरु गरेको थियो । त्यो दिन एक अर्ब रूपैयाँभन्दा बढी बक्यौता रहेका चार उद्योगको लाइन काटिएकामा त्यसपछि थप २० उद्योगमा बिजुली आपूर्ति बन्द गरिएको थियो । लाइन काटिएका २४ मध्ये एउटा उद्योगको भने किस्ता तिरेपछि प्राधिकरणले यसअघि नै जोडिदिइसकेको छ ।

### कसरी मिल्यो कुरा ?

प्रधानमन्त्री दाहालको निर्देशन पाउनासाथ लाइन बिच्छेद गर्न प्राधिकरण उत्रिएपछि व्यवसायी आक्रोशित बनेका थिए । व्यवसायीले संकटको बेला प्राधिकरणले लाइन काटेर झनै संकट निम्त्याएको आरोप लगाउँदै मध्यमार्ग अपनाउन अनुरोध गरेको थियो । उद्योगीले प्राधिकरणसँग कुनै प्रमाण नभएको दाबी गर्दै शुल्क नतिर्ने अडानसमेत कसेपछि प्रधानमन्त्री र प्राधिकरण 'ब्याक' हुन बाध्य भएको बताइन्छ ।

त्यसो त शुक्रबार ऊर्जामन्त्री शक्तिबहादुर बस्नेत र लाइन काटिएका उद्योगका सञ्चालकबीच छलफल भएको थियो । छलफलमा मन्त्री बस्नेतले समस्या समाधानका लागि विकल्प खोज्ने वचन दिएका थिए । त्यसपछि मन्त्री बस्नेतले प्रधानमन्त्री पुष्पकमल दाहालसँग भेटेर आयोग बनाएर समस्या समाधान गर्न उपयुक्त हुने सुझाव दिएका थिए । प्रधानमन्त्री दाहालले लाइन काटिएपछि भेट्न गएका उद्योगीलाई न्यायिक आयोग बनाएर समस्या समाधान गर्ने प्रतिबद्धता त्यसअघि नै जनाएका थिए ।

उद्योगीसँग भेटेको भोलिपल्टै दाहालले विद्युत् नियमन आयोगका अध्यक्ष दिल्लीबहादुर सिंह र प्राधिकरणका कार्यकारी निर्देशक घिसिङलाई बोलाएर समस्या समाधानका विषयमा छलफल गरे । छलफलमा प्रधानमन्त्री दाहालले न्यायिक आयोग बनाउने भन्दा घिसिङले असहमति जनाएका थिए । घिसिङले न्यायिक आयोग बनाए समस्या थप गिजोलिने जिकिर गरेका थिए । तर केही उद्योगीले अहिलेको समस्या समाधानका लागि न्यायिक आयोग नै उपयुक्त हुने सुझाव प्रधानमन्त्री दाहाललाई दिएका थिए ।

त्यही सुझावका आधारमा सरकारले सर्वोच्चका पूर्वन्यायाधीशको नेतृत्वमा समिति गठन गरेको बताइएको छ । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले डेडिकेटेड र ट्रंक लाइन विवादमा न्यायिक आयोग गठन गर्न उपयुक्त हुने सार्वजनिक रूपमा नै बताउँदै आएका थिए । महासंघले पनि आयोग बनाउन सरकारसँग आग्रह गरेको थियो ।

### समितिमा कुलमानलाई...

उनका अनुसार मिसिङ भएका टिओडी मिटरका डेटाहरू सबस्टेसनमा रहेको लगसिट हुन्छ । उनका अनुसार प्राधिकरणले उद्योगीलाई छुट बिलमात्रै पठाएको हो । 'डेडिकेटेड र ट्रंकको टचारिफमात्रै पठाएका हौं । हाम्रो एम पावरमा हरेक महिनाको रेकर्ड हुन्छ । युनिटहरू गडबड कसैले गर्न सक्दैन । त्यही युनिटमा जोडेर सर्ज चार्ज जोडेर बिलिङ गरेका हौं,' उनले भने । घिसिङका अनुसार कूल २३९ उद्योगले ट्रंक र डेडिकेटेड लाइन सुविधा लिएका थिए । जसमध्ये १६८ वटाले शुल्क तिरेका छन् भने ६१ वटाले तिर्न बाँकी छ ।

२०७२ माघ १ गतेदेखि २०७५ वैशाख मसान्तसम्मको करिब छ अर्ब रूपैयाँ बक्यौता छ । २०७५ जेठमा लोडसेडिङ अन्त्यको घोषणा भएको थियो । २०७५ साल जेठदेखि २०७७ साल असारमा प्राधिकरणले बिल काटेको छ । लोडसेडिङ अन्त्य भए पनि दुई वर्षको बिल काटेको छ । महसुल निर्धारण आयोग खारेज भएर विद्युत् नियमन आयोग बने पनि संरचना तयार नभएपछि बिल काटेको कुलमान बताउँछन् । यो अवधिको करिब आठ अर्ब रूपैयाँ रहेको छ । कूल बक्यौताको साँवा १५ अर्ब रूपैयाँ छ । ब्याजसहित २२ अर्ब २४ करोड रूपैयाँ पुगेको छ । ६१ वटा उद्योगले बक्यौता तिरेका छैनन् ।

प्राधिकरणले अहिलेसम्म बक्यौता नतिर्ने २४ वटा उद्योगको लाइन काटेको हो । ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले विकल्प नभएकाले लाइन काटिएको बताए । समितिलाई सम्बोधन गर्दै उनले दोस्रो विकल्प नभएकाले प्राधिकरणले लाइन काटिएको स्पष्ट पारेका हुन् । उनका अनुसार २०७२ सालमा उद्योग क्षेत्रका निम्ति ४६ मेगावाट वितरण गर्न सक्ने मुलुकको अवस्था थियो ।

### सभामुख लिादा...

बहुमत पदाधिकारीदेखि केन्द्रीय समितिसम्मै सरकारमा जाने र सभामुख पद लिन नहुने भन्दै सुझाएका थिए । सुझावका आधारमा लिङ्देनले राप्रपा सत्तामा होइन, आन्दोलनमा जान्छ भनेका थिए । निर्णय पनि सोहीअनुसार भएको थियो । तर, त्यसविरुद्ध कोशीमा राप्रपा प्रस्तुत भएको छ ।

यसलाई लिएर डा. प्रकाशचन्द्र लोहनी अध्यक्ष रहेको केन्द्रीय निर्देशन समितिले सभामुखको उम्मेदवारी फिर्ता गर्न आवश्यक कदम चाल्ने निर्देशन मंगलबार दिएको थियो । समितिले अध्यक्ष लिङ्देन सहभागितामा भएको पार्टी पदाधिकारी बैठकमा कोशी प्रदेशको सभामुख पदमा उम्मेदवारी दिने नदिने भन्ने बुँदामा व्यापक छलफल हुँदा पार्टीले सञ्चालन गर्ने आन्दोलनका कारण पनि पदमा जानु उपयुक्त नहुने सहमति भएको उल्लेख छ । तर, त्यसविपरीत सभामुखमा उम्मेदवारी दिएको भन्दै समितिले आपत्ति जनाएको हो ।

'...निर्देशन समितिले सभामुखको उम्मेदवारी फिर्ता गर्न आवश्यक कदम चाल्ने केन्द्रीय कार्य समिति/कार्यसम्पादन समिति निर्देश गर्दछ,' लोहनीले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । अध्यक्ष लिङ्देननिकट मानिने नेता तथा प्रवक्ता मोहन श्रेष्ठले भने कोशीमा सभामुख भएकोबारे पार्टी समिति बैठकमा छलफल हुने बताएका छन् । बैठक कहिले बस्छ ? यसबारे भने खुलाएनन् । कोशी अध्यक्ष लिङ्देनको गृहप्रदेश पनि हो । त्यहाँ यसअघि नै सरकारमा पठाउन लिङ्देन राजी भएको विवरण पनि बाहिरिएको थियो । जबकि, राप्रपा प्रदेश संरचनाको बारम्बार विरोध गरिरहने दल हो । तर, बागमतीपछि कोशीमा सभामुख लिएर आफैंले विरोध गरेको प्रदेश संरचनाको भित्रीरूपमा स्वीकारेको अर्थ जानेगरी राप्रपा अघि बढेको छ । जुन परस्परविरोधी कदम पनि हो ।

यद्यपि, हालसम्म अध्यक्ष लिङ्देनले नवनियुक्त सभामुख विष्टलाई न बधाई र शुभकामना दिएका छन्, न फिर्ता नै बोलाउन चाहिरहेका छन् । 'बधाई दिएको भए, शुभकामना दिएको भए सभामुख लिएर ठीक भयो भन्ने सन्देश जान्थ्यो तर अहिले न बधाई दिए न शुभकामना,' एकजना पदाधिकारीले भने, 'स्वीकारिएको हो कि नस्वीकारिएको ? खुल्न सकेन,' एक जना पदाधिकारीले भने ।

तर, कोशीमात्रै होइन संघीय सरकारमै जान लिङ्देनले चाहेका थिए । पार्टीको बहुमत पदाधिकारी र केन्द्रीय कार्य समितिले भने सरकारमा जान नहुने पक्षमा रहेपछि लिङ्देनले खुलेर बोलेका छैनन् । सत्ता गठबन्धनसँग सहकार्य गर्ने भने छाँट देखाएका थिए । जुन मंगलबार कोशीमा भयो ।

### कामदारलाई आर्थिक...

अभिमुखीकरण तालिमका लागि वैदेशिक रोजगार बोर्ड वा सीप विकास तालिम प्रतिष्ठानबाट के कसरी स्रोत उपलब्ध गराउन सकिन्छ भन्नेबारे विस्तृत अध्ययन गरी कामदारको अधिकतम हितलाई ध्यानमा राखी कार्यक्रम सञ्चालन गर्न पनि प्रधानमन्त्रीको निर्देशन रहेको बताइएको छ ।

यसैगरी प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारीमा जाने युवाहरू मिटरब्याजी एवं बिचौलियाहरूबाट ठगिएको भन्दै उनीहरूलाई सरकारले नै सस्तो ब्याजमा ऋण दिने व्यवस्था मिलाउनसमेत निर्देशन दिए । 'सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकमलाई अधिकतम लाभ हुने परियोजनामा लगानी गर्ने व्यवस्था मिलाउनुहोला,' प्रधानमन्त्री दाहालले भने, 'कामदारलाई उद्यमशील बनाउने र वैदेशिक रोजगारबाट फर्किएका नेपाली दाजुभाइ दिदीबहिनीहरूको ज्ञान, सीप र पुँजीको पूर्णउपयोग हुने क्षेत्रमा लगानी गर्ने वातावरण मिलाउनेतर्फ तत्काल परिणाम देखिनेगरी काम गर्नुहोला ।'

साथै, हालै वैदेशिक रोजगार बोर्ड र मलेसियाको निजी कम्पनी फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टर (एफडब्लुडब्लुएमसी)बीच भएको भनिएको विवादास्पद सम्झौता कार्यान्वयन नगर्न पनि प्रधानमन्त्री दाहालले श्रम मन्त्रालयलाई निर्देशन दिएका छन् । बोर्ड र एफडब्लुडब्लुएमसीबीच भएको सम्झौता बाहिरिएसँगै खारेजीको माग गर्दै वैदेशिक रोजगार व्यवसायीहरूबाट तीव्र आलोचना र विरोध भइरहेको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले उक्त सम्झौता खारेजी नगरे आन्दोलन गर्ने चेतावनीसमेत दिइसकेको छ । संघले सरोकारवाला संस्थाहरूसँग कुनै छलफल नै नगरी एउटा निजी कम्पनीसँग बोर्डले सम्झौता गर्नुलाई एकाधिकार कायम गर्ने गिरोहले कामदारको कल्याणकारी लाभको ललिपप देखाएर सम्पूर्ण रोजगारीको मागपत्र आफ्नो नियन्त्रणमा राख्ने उद्देश्यले ल्याएको नियोजित षडयन्त्र भएको जनाएको छ । संघले सोमबार उक्त सम्झौता खारेज नभएसम्म चरणबद्ध आन्दोलनको घोषणा गर्दै सरकारलाई अल्टिमेटम दिएको थियो । दीर्घकालीन रूपमा असर पार्ने विवादास्पद सम्झौता कार्यान्वयन नगर्न प्रधानमन्त्री दाहालले मंगलबार दिएको निर्देशन स्वागतयोग्य भएको संघका महासचिव मेघनाथ भुर्तेलले बताए । उनले प्रधानमन्त्रीको उक्त निर्देशनबाट परिस्थिति सहज बन्ने अपेक्षा व्यक्त गरे ।

# दुई उम्मेदवारविरुद्ध उजुरी




**काठमाडौं (प्रस)**– राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवारी दिएका दुई उम्मेदवारविरुद्ध उजुरी परेको छ । सुदूरपश्चिम प्रदेशमा नेपाली कांग्रेसका तर्फबाट अपांगता भएका व्यक्तिको समूहबाट उम्मेदवारी दिएका नारायणदत्त भट्ट र कर्णाली प्रदेशमा नेकपा माओवादी केन्द्रका दलित समूहका उम्मेदवार विष्णु विकविरुद्ध उजुरी परेको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

भट्टविरुद्ध एमालेका उम्मेदवार रामचन्द्र जोशीले अपांगतासम्बन्धी प्रमाण नपुगेको तथा कर्णाली प्रदेशका माओवादी केन्द्रका उम्मेदवार विकविरुद्ध एमालेकै उम्मेदवार हिकमत विकले प्रतिनिधिसभा सदस्यको बन्दसूचीमा नाम भएको भन्दै उजुरी दिएका हुन् ।

राष्ट्रिय सभा सदस्यको रिक्त १९ पदका लागि आगामी माघ ११ गते हुने निर्वाचन कार्यतालिकाअन्तर्गत सोमबार ५२ जना उम्मेदवारले मनोनयनपत्र दर्ता गराएका थिए । उम्मेदवारीउपर मंगलबार दाबीविरोध र उजुरी, पुस २५ र २६ गते जाँचबुझ गरी उम्मेदवारीको नामावली प्रकाशन तथा पुस २७ गते नाम फिर्ता लिन चाहने उम्मेदवारको नाम फिर्ता र उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने छ ।

निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारलाई निर्वाचन चिह्न पुस २८ गते प्रदान गर्ने छ । यस निर्वाचनमा प्रदेशसभा सदस्य र गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख मतदाता रहने छन् ।

यस निर्वाचनमा सात प्रदेशमा एक-एक मतदानस्थल र दुई-दुई मतदान केन्द्र कायम गरिएको छ । मतदान माघ ११ गते बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म हुने छ । स्थायी सदनका रूपमा रहेको ५९ सदस्यीय राष्ट्रिय सभाका एक तिहाइ सदस्यको कार्यकाल प्रत्येक दुई वर्ष कार्यकाल सकिन्छ । यस निर्वाचनमा विभिन्न प्रदेश र क्षेत्रबाट महिला, दलित, अपांगता भएका व्यक्ति वा अल्संख्यक र अन्य समुदायबाट सदस्यको चयन हुने छ ।


**बोलपत्र आव्हान सम्बन्धी सूचना**

प्रथमपटक प्रकाशित मिति: २०८०/०९/२५ गते (10 Jan 2024)

ने.सै. प्रतिष्ठानको बोलपत्र नं. NA/NMA/WORKS/080/81/03 अन्तर्गत शौचालय स्तरोन्नतीको लागि इच्छुक फर्महरुबाट रितपूर्वक बोलपत्र आह्वान गरिएको छ । बिस्तृत जानकारीको लागि *www.bolpatra.gov.np/egp* मा हेर्नु हुनको साथै ०१६६१८८३६ मा सम्पर्क गर्नु हुन ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६/१०/२० मा दर्ता भएको प्रा.लि.नं. ७०२२९ को **सप्तकोशी प्रिन्टर्स एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) (क) बमोजिम खारेजीका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**दोश्रो पटक सूचना प्रकाशित मिति :२०८०/०९/२५**

यस मनिकापुर सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको साल जातको विभिन्न ग्रेडको गोलिया थान २५ को ४४९.६७ घ.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराइन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री मनिकापुर सामुदायिक वन उपभोक्ता समूह**
**बारबर्दिया नगरपालिका–६ मनिकापुर बर्दिया**

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TUNNEL METRO GENERAL CONTRACTING EST.**

पूर्व स्वीकृति मिति : २०८०/०९/२४ | LT. No. 297873 | चलानी नं. ६०२१२८४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1300 | ४६,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 1 | 0 | 1000 | ३५,३९५ | | | | | | | |
| 3 | Plumber | 1 | 0 | 1300 | ४६,०१५ | | | | | | | |
| 4 | Scaffolder | 4 | 0 | 1300 | ४६,०१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ३ गते (17th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt Lic No. 780/065/066
**LOTUS Human Resourse Pvt. Ltd**
A Complete Human Resource Company
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4366177/4366189, Fax: 00977-1-4366035
Email: Info@lotushrnepal.com.np, Web: Www.lotushrnepal.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ASIANACO ENTERPRISE SDN BHD**

पूर्व स्वीकृति मिति : २०८०/०९/२४ | LT. No. 297874 | चलानी नं.६०२१२८६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **OSP ENGINEERING SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/०७/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२४ | LT. No. 274172 | चलानी नं.६०१८९९५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ३ गते (17th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA Govt.Lic.No- 1168/073/074
**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनीः **SAUDI PAN KINGDOM FOR TDG. & CONT.CO.LTD (SAPAC)**

पूर्व स्वीकृति मिति २०८०/०९/२४ | LT. No.297757 | चलानी नं. ६०२१२८३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 25 | 0 | 1000 | ३५,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ३ गते (17th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४
**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RIVER SOURCE ENTERPRISE SDN BHD**

पूर्व स्वीकृति मिति : २०८०/०९/२३ | LT. No.297803 | चलानी नं.६०२१२७९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 6 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ३ गते (17th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ८९८/०६७/०६८
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CITY LINKS CONSTRUCTION COMPANY LIMITED**

पूर्व स्वीकृति मिति २०८०/०९/२३ | LT. No. 297834 | चलानी नं. ६०२१२८१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pickup Truck Driver | 7 | 0 | 1800 | ६३,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ३ गते (17th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने** : १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PASTA EXPRESS**

पूर्व स्वीकृति मिति २०७९/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२४ | LT No. 276239 | चलानी नं. ६०१९१९३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 150 | ५२,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 10 | 0 | 150 | ५२,८३० | | | | | | | |

कम्पनी : **UNIFORCE GENERAL SECURITY GUARD SERVICES**

पूर्व स्वीकृति मिति २०८०/०२/०६ | LT No.286355 | चलानी नं.६०२०१७६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Life Guard | 20 | 0 | 1500 | ५४,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guards | 70 | 10 | 1500 | ५४,२१० | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

कम्पनी : **SHAIKHA LADIES SALOON**

पूर्व स्वीकृति मिति २०८०/०९/२३ | LT No. 297805 | चलानी नं. ६०२१२८२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 1 | 1500 | ५४,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 0 | 4 | 1500 | ५४,२१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ३ गते (17th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

# सहकारीपीडितलाई सम्पर्कमा आउन अनुरोध

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले काठमाडौंको तीनकुनेस्थित रियल गोर्खा बचत तथा ऋण सहकारी संस्थाबाट ठगीमा परेका पीडितलाई सम्पर्कमा आउन अनुरोध गरेको छ ।

ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक नवराज अधिकारीले सहकारीका केही व्यक्ति पक्राउ परेकाले उनीहरूविरुद्ध मुद्दा अघि बढाउनुपर्ने हुँदा ठगीमा परेकालाई समयमै सम्पर्कमा आएर जाहेरी दिन सार्वजनिक अनुरोध गरिएको जानकारी दिए । उनले भने, 'सहकारी ठगीमा सञ्चालकलाई मुद्दा चलाउनुपर्ने हुन्छ, सबै पीडित आएमा बिगो कायम तथा जेल सजायाका लागि प्रतिवेदन तयार पारी जिल्ला सरकारी वकिलमार्फत मुद्दा चलाउन सकिने भएकाले जतिसक्दो छिटो सम्पर्कमा आएर जाहेरी दिन आग्रह गरेका छौं ।'

प्रहरी उपरीक्षक अधिकारीले काठमाडौंको तीनकुने केन्द्रीय कार्यालय भई जोरपाटी र भक्तपुरका विभिन्न क्षेत्रमा उक्त सरकारीले सेवा दिएको र सोही क्रममा सञ्चालक समितिका सदस्यले निक्षेपकर्तालाई आर्कषक ब्याजदर दिन्छु भनी प्रलोभन देखाइ निक्षेपकर्ताको ठूलो रकम हिनामिना गरेको पाइएको बताए । अहिलेसम्मको अनुसन्धानमा १२ करोड ३५ लाख रूपैयाँ बचत रकम अपचलन तथा हिनामिना गरेको पाइएको उनले बताए । यसरी रकम हिनामिना गरी फरार रहेका अध्यक्ष हर्कबहादुर कठायत र सदस्य विनोदकुमार ओझालाई पक्राउ गरी अनुसन्धान थालिएकाले बचतकर्तालाई सम्पर्कमा आएर जाहेरी दिन ब्युरोले आग्रह गरेको छ ।

'सहकारी ठगीमा सञ्चालकलाई मुद्दा चलाउनुपर्ने हुन्छ, सबै पीडित आएमा बिगो कायम तथा जेल सजायाका लागि प्रतिवेदन तयार पारी जिल्ला सरकारी वकिलमार्फत मुद्दा चलाउन सकिने भएकाले जतिसक्दो छिटो सम्पर्कमा आएर जाहेरी दिन आग्रह गरेका छौं ।'

कठायत र ओझाले सर्वसाधारणलाई सहकारी मुद्दती, निक्षेप, आवधिक बचत, सेयर तथा विभिन्न बचत खातामा जम्मा गर्न लगाई मासिक/त्रैमासिक/वार्षिकरूपमा ब्याज पाउने र निर्धारित अवधि नाघेपछि निक्षेपको सम्पूर्ण साँवा, ब्याज फिर्ता पाउने विश्वासका पारी रकम संकलन गरेका थिए ।

समय पुगेपछि उक्त संस्थामा बचतकर्ताले जम्मा गरेको रकमको साँवा, ब्याज फिर्ता नदिएको तथा लामो समयदेखि ध्यानाकर्षण गराउँदासमेत नियमानुसार पाउनुपर्ने निक्षेप तथा सोको ब्याज रकम उपलब्ध गराउन आवश्यक पहल नगरी संस्था नै बन्द गरेर फरार भएपछि पीडितले प्रहरीमा जाहेरी दिएका थिए ।

### कान्तिभैरव सहकारीका सञ्चालक पक्राउ

बचतकर्ताको बचत फिर्ता नगर्ने गोकर्णेश्वर नगरपालिका-८ अत्तरखेलमा सञ्चालित कान्तिभैरव बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सञ्चालक र कर्मचारी पक्राउ परेका छन् । गोकर्णेश्वर नगरपालिका-४ चौतारा बस्ने सहकारीका अध्यक्ष हरिकृष्ण श्रेष्ठ, पूर्वअध्यक्ष एवं संरक्षक भनिने प्रेम श्रेष्ठ, कोषाध्यक्ष शेरलाल श्रेष्ठ र सहव्यवस्थापक राजेन्द्र श्रेष्ठलाई महानगरीय प्रहरी वृत्त बौद्धले पक्राउ गरेको हो ।

सहकारीका सबै सञ्चालक एउटै टोलका दाजुभाइ हुन् । सहकारी ठगी गरेको कसुरमा प्रक्राउ परेकालाई वृत्तअन्तर्गतको गोकर्ण प्रहरी प्रभाग भवनमा रहेको थुनुवा कक्षमा राखिएको छ । बौद्धमा थुनुवालाई राख्ने ठाउँ नपुगेर गोकर्णको थुनुवा कक्षमा राखिएको प्रभागका वरिष्ठ प्रहरी नायब निरीक्षक राजेश कार्कीले जानकारी दिए ।

सहकारी सञ्चालक समितिका सचिवसमेत रहेका प्रबन्धक रामदास श्रेष्ठ, सदस्य अनिरुद्र श्रेष्ठ, सदस्य राधेश्याम श्रेष्ठ र लेखा समिति संयोजक गोकर्णेश्वर महादेव अंग्रेजी माध्यमिक विद्यालयका प्रधानाध्यापक चन्द्रप्रसाद पौडेल फरार रहेको जनाइएको छ । यी सबैका नाममा प्रहरीले पक्राउ पुर्जी जारी गरेको छ । सहकारीका सञ्चालकले सात हजार ७०० बचतकर्ताको एक अर्ब २१ करोड रूपैयाँ हिनामिना गरेको पीडित संघर्ष समितिअन्तर्गतको कार्यदलका अध्यक्ष राजेशकुमार विष्टले जानकारी दिए ।


## बि.एम. सि. सिल्ट इन्भाइरोन्मेन्टल सर्भिसेज प्रा. ली. को नियुक्त लिक्वीडेटर पोषकलाल श्रेष्ठको कार्यालयद्वारा प्रकाशित अचल सम्पत्ति बिक्री गर्ने सूचना

**दोश्रो पटक प्रकाशित मिति २०८०/०९/२५**

यस बि.एम.सि. सिल्ट इन्भाइरोन्मेन्टल सर्भिसेज प्रा.ली. को मिति २०८०।०६।२१ को निर्णय अनुसार कम्पनी लिक्वीटेशनमा लैजाने भएकोले कम्पनिका नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखीत अचल सम्पती जाहाँ जुन अवस्थामा छ सोही अवस्थामा बिक्री गरी कम्पनीको दायित्वहरु चुक्ता गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त अचल सम्पत्ति खरिद गर्न चाहने फर्म कम्पनी तथा सर्वसाधारण व्यक्तीहरुले का.जि.का.म.न.पा. वडा नं.७ चाबहिल स्थित कम्पनीको लिक्वीडेटरको कार्यालयमा सम्पर्क गरी अचल सम्पती खरिद प्रकृया सुरु गर्नका लागी यो सूचना प्रकाशीत गरीएको छ ।

**तपसिल**

| क्र.सं. | जिल्ला | न.पा./गा.पा. | वडा नं. | सिट नं. | कि. नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मोरङ | भौडाहा | ६ | १७८०५८८ | ५३ | ४९५०.०० ब.मी. | |
| २ | मोरङ | भौडाहा | ६ | १७८०५८८ | ५५ | ५८४५.०० ब.मी. | |
| ३ | मोरङ | भौडाहा | ६ | १७८०५८८ | ४२ | १०१४०.०० ब.मी. | |
| ४ | मोरङ | भौडाहा | ६ | १७८०५८८ | ३१७ | २७५.०० ब.मी. | |

**जम्मा क्षेत्रफल २१२१०.०० बर्ग मिटर**

**सम्पर्कः- बि.एम.सि. सिल्ट इन्भाइरोन्मेन्टल सर्भिसेज प्रा.ली., कोलिक्वीडेटर पोषकलाल श्रेष्ठ का.जि.का.म.न.पा. वडा नं. ७ चाबहील, फोन नं. ९८५१०९४४७१**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ROYAL MALABAR EASTERN COMPANY**

पूर्व स्वीकृति मिति: २०८०/०९/२४ | LT. No. 297739 | चलानी न. ६०२१२८३५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1500 | ५३,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ३ गते (17th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**

Govt. License No. 1336/074/075

Maharajgunj, sankhapark, Kathmandu Nepal,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com



## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**दोश्रो पटक सूचना प्रकाशित मिति :२०८०/०९/२५**

यस कर्नसवा सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको बृक्षारोपण सिसौ जातको बिभिन्न ग्रेडको गोलिया थान ४५ को ४३२.८५ घ.फि. गोलिया काठ तथा सोही जातको १.५० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री कर्नसवा सामुदायिक वन उपभोक्ता समूह**
**बारबर्दिया नगरपालिका-५ धोबिया बर्दिया**



## लुम्बिनी विकास बैंक लिमिटेडको निक्षेप उपर हकदाबी सम्वन्धी ३५ दिने सूचना

यस विकास बैंकको, हरिनगरा शाखा कार्यालयका खातावाला रंग्रनी मेहताको नाति, चौधरी मेहताको छोरा, कोशी प्रदेश, सुनसरी जिल्ला, देवानगंज गाँउपालिका वडा नं. १ बस्ने लाली प्रसाद मेहताको मिति २०८०/०८/२६ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस विकास बैंकमा रहेको निक्षेप खाताको रकम भुक्तानी पाउँ भनी निजको छोराहरु जय प्रकाश मेहता, राजेश्वर मेहता र बाल कृष्ण मेहताले यस विकास बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक वाहेक अग्र-प्राथमिकतामा कोही कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित हकदावी गर्नुहुन बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदन माग वमोजिम भई जाने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
सनराईज विजपार्क डिल्लीबजार, काठमाण्डौ
फोन नं. : ०१-४५१३२३४, ४५२१६९६



नेपाल राष्ट्र बैंकबाट 'ग' बर्गको इजाजत प्राप्त संस्था
**Progressive Finance Limited**
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

कर्पोरेट कार्यालय :
तिनकुने, काठमाण्डौं
फोन : ०१-५१९९६६४, ५१९९६६५

## प्रोग्रेशिभ फाइनान्स लिमिटेडको गैरबैंकिङ्ग सम्पत्ति विक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सार्वजनिक सूचना

**(पाचौं पटक प्रकाशित मिति : २०८०/०९/२५ गतेको प्रभाव राष्ट्रिय दैनिक)**

यस प्रोग्रेशिभ फाइनान्स लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (जग्गा) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद विक्रीको लागि मिति २०८०/०४/२२ गतेको नेपाल समाचार राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र मिति २०८०/०५/०८ गतेको नेपाल समाचार राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक, मिति २०८०/०८/१८ गतेको प्रभाव राष्ट्रिय देनीक पत्रिकामा तेश्रो पटक र मिति २०८०/०८/२७ गतेको नेपाल समाचार राष्ट्रिय देनीक पत्रिकामा चौथो पटक सूचना प्रकाशित गरेकोमा हाल सम्म सकार नभएको र आवश्यक शिलबन्दी बोलपत्र पेश हुन नआएको हुनाले पुनः गोप्य शिलबन्दी बोलपत्र मार्फत नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन २०८० को ई.प्रा.निर्देशन नं २/०८० को बुदा ११ को उपबुदा ४ (ङ) मा भएको "गैर बैंकिङ्ग सम्पत्ति सकार र लिलाम बिक्री सम्बन्धी" व्यवस्था बमोजिम बिक्री गरिने भएको हुँदा संस्थाले तत्काल पारित गरी दिन सक्ने क्षेत्रफल सम्म खरिद गर्न ईच्छुक ब्यक्ति तथा संस्थाहरुले यस फाइनान्सबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आफुले कबुल गरेको रकमको कम्तीमा १०(दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस संस्थाको कर्पोरेट कार्यालयमा रहेको Payable Auction deposit नामको खाता नं. ५०११०००००००५९२ मा जम्मा गरेको सक्कल भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले **७ दिन भित्र** कार्यालय समयमा यस फाइनान्सको कर्पोरेट कार्यालय तिनकुने, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । यस फाइनान्स समक्ष प्राप्त हुन आएका बोलपत्रहरु ८ औं दिन अर्थात तपसीलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन । सो तोकिएको दिन विदा परेमा त्यसपछिको लगतै कार्यालय खुलेको दिन दिउसो ठिक ०२:३० बजे सोही स्थानमा बोलपत्र खोलिने छ । प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने आदि सम्पूर्ण अधिकार यस फाइनान्समा सुरक्षित रहनेछ । बोलपत्र फारम एक प्रतिको रु.५००/- (फिर्ता नहुने गरी) मा यस फाइनान्सबाट खरिद गर्न सकिनेछ । साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ । उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नुहोला ।

**तपसिल :**

१. मालपोत कार्यालय चावाहिल, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, वालुवा गा.वि.स. वडा नं ४ स्थित कित्ता नं १३ र ५२ को क्षेत्रफल क्रमशः ८-०-०-० र ७-३-२-० (रोपनी) को जग्गा (तत्काल पारित गरि दिन सक्ने तीन भागको दुई भाग) ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समयः** २०८०/१०/०२ गते मंगलबार कार्यालय समयसम्म
**बोलपत्र खोलिने मिति र समयः** २०८०/१०/०३ गते बुधबार दिनको २:३० बजे ।
**बोलपत्र खोलिने स्थानः** प्रोग्रेशिभ फाइनान्स लि, कर्पोरेट कार्यालय, तिनकुने, काठमाण्डौ, कर्जा असुली विभाग



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CITY GROUP CO.**

पूर्व स्वीकृति मिति २०७९/०४/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२४ | LT. No. 269027 | चलानी नं. ६०१८८०१३

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 103 | 0 | 150 | ६५,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ७/८/९ गते (21/22/23 Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VISION & VALUE OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ८२२/०६६/०६७

